Website : upload

**बीमा समिति**

**कुपण्डोल, ललितपुरको**

**दरभाउपत्रको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७५।०९।०२)

यस समितिको कार्यालय भवनमा तपशील बमोजिमका सामानहरु शिलबन्दी दरभाउपत्रद्वारा आपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीबाट निम्न शर्तहरुको अधीनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

तपशील

| सि.नं. | शिलबन्दी दरभाउपत्र नं. | विवरण | न्यूनतम बोलपत्र जमानत रकम |
|---|---|---|---|
| १ | *बिएस एस क्यू ३।२०७५।७६* | *स्टेशनरी सामानहरु* | रु.३३,०००। |
| २ | *बिएस एस क्यू ४।२०७५।७६* | *कार्यालय तथा भान्छाकासामानहरु* | रु.१७,०००। |
| ३ | *बिएस एस क्यू ५।२०७५।७६* | *छपाइ सेवा* | रु.२८०००। |

शर्तहरु :

(१) उल्लिखित सि.नं. बमोजिमका दरभाउ पत्र नम्बर अनुसार छुट्टाछुट्टै बुझाउनु पर्नेछ । आपूर्ति गर्नुपर्ने सामानहरुको विस्तृत विवरण समितिबाट दरभाउपत्र साथ प्राप्त हुनेछ र सो विवरण यसै सूचना साथ प्रकाशित गरिएको छ ।

(२) कार्य विवरण सहितको दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र आवेदन दिई रु.१,०००।- (फिर्ता नहुने गरी) भुक्तानी गरी समितिको कुपण्डोल, ललितपुरबाट कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । दरभाउपत्र खरिद गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनको कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । शिलबन्दी दरभाउपत्र फाराम साथ संस्था वा कम्पनीको अद्यावधिक इजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता (भ्याट) प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र र आ.ब. २०७४।०७५ को कर चुक्ता प्रमाणपत्रहरु नोटरी पब्लिकबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(३) शिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीले खरिद गरेको दरभाउपत्र फाराम (Bid Documents) स्पष्टसँग पूर्ण रुपले भरी, आफ्नो संस्थाको नाम र ठेगाना स्पष्ट खुलाई, छाप लगाई खाममा शिलबन्दी लाहाछाप गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस समितिको कुपण्डोल-१०, ललितपुर स्थित कार्यालयमा दर्ता गराउनु पर्नेछ । दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनको १२:०० बजे भित्र दरभाउपत्र दर्ता गराउनु पर्नेछ ।

(४) दरभाउपत्र फाराम साथ तोकिए बमोजिमको रकम धरौटी स्वरुप ग्लोबल आइएमइ बैंक, कुपण्डोल शाखामा यस समितिको नाममा रहेको खाता नं. २८०१०१००००७१९ मा जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिनको मान्य अवधि रहने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) संलग्न हुनु पर्नेछ ।

(५) दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्म, संस्था वा कम्पनीले आफूले सम्पन्न गर्नुपर्ने सम्बन्धित आवश्यक सम्पूर्ण कार्यहरुका सम्बन्धमा राम्रोसँग बुझी स्वीकार गरी दरभाउपत्र फारम दर्ता गराएको मानिनेछ ।

(६) एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद भएको दरभाउपत्र फाराम अर्को फर्म, संस्था वा कम्पनीको नामबाट दर्ता गराउन पाईने छैन ।

(७) एक पटक पेश भएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पाइने छैन ।

(८) दरभाउपत्रको मान्य अवधि ७५ दिनको हुनेछ ।

(९) समितिमा रितपूर्वक दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन अपरान्ह २:०० बजे यस समितिको कार्यालयका प्रतिनिधिहरु तथा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस समितिको कुपण्डोल-१०, ललितपुर स्थित कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खोलिने दिनमा बिदा परेमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन यस समितिको कार्यालयका प्रतिनिधिहरु तथा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा सोही समय र स्थानमा खोलिनेछ ।

(१०) दरभाउपत्रदाताको तर्फबाट कुनै शर्त राख्न पाइने छैन । तोकिएको समय भित्र प्राप्त नभएको, यस सूचनाको शर्त बिपरित भएको वा रित नपुगेको दरभाउपत्र माथि कुनै कारबाही हुने छैन ।

(११) समितिबाट दरभाउपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले सात दिन भित्र स्वीकृत दरभाउपत्र दाताले आफूले कबोल गरेको अङ्कको पाँच (५) प्रतिशतले हुन आउने रकम कार्य सम्पादन जमानत स्वरुप ग्लोबल आइएमई बैंक, कुपण्डोल शाखामा यस समितिको नाममा रहेको खाता नं.२८०१०१००००७१९ मा जम्मा गरेको सक्कल बैंक भौचर वा समितिबाट जानकारी प्राप्त भएको मितिबाट कम्तिमा ७५ दिनको मान्य अवधि रहने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) संलग्न हुनु पर्नेछ ।

(१२) शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने अधिकार यस समितिमा निहित रहने छ ।

(१३) यस सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समितिको ललितपुर -१० कुपण्डोलमा आई बुझ्न सकिनेछ ।

(१४) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, बीमा समिति खरिद विनियमावली, २०६७ एवं प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

सम्पर्क:
कुपण्डोल, ललितपुर-१०
फोन नं. ५५२१०७९,
फ्याक्स नं. ५५२०११९,
टोल फ्रि :१६६००१५६७८९